# फिदिम टुडे

Phidim Today Daily

दैनिक

जि.प्र.का. द.नं. ४०/०७५/०७६



BSC Group presents

सुन्नको लागि रेडियो
Radio BSC 91.8 mhz

सुन्दै पढ्नको लागि
www.phidimtoday.com

फेसबुक पेजको लागि
www.facebook.com/phidimtoday/



वर्ष ५, अंक २४० बुधबार, १८ भाद्र २०८२ Wednesday, 03 September, 2025 पृष्ठ ४ मुल्य रु. ५।-


## प्रधानमन्त्री चिप्लिएको तुम्बेवाको पानी

फिदिम टुडे

पाँचथर, १७ भदौ

यो दृष्य तुम्बेवा गाउँपालिका ३ नम्बर वडाको हो । घरका छानामा थापेर पानिको गर्जो टार्ने मगर एक्ला हैनन । गाउँ भरी यस्तै अवस्था छ । तुम्बेवाको १, २ र ३ नम्बर वडाका अधिकांस क्षेत्रमा खानेपानीको संकट जहिलै परिनै रहन्छ ।

बर्षातको समयमा त परेको पानीले जेनतेन गुजारा हुन्छ तर हिउँदको समयमा निकै सकस हुने गरेको छ । बस्ती नजिकैका मुहान सुक्दैजाँदा खानेपानीको संकट झनै चुलिँदै गएको छ । समस्या देख्नेलाई कहालीलाग्दा छन भोग्नेलाई कस्तो होला ?

तुम्बेवाको खानेपानीका लागि थुप्रै सपना बाँडियो । चुनावी नारा बनाईयो तर समाधानमा कसैले सफलता दिन सकेन । तुम्बेवाबासीलाई खानेपानी दिने भनेर थालिएको तमोरको पानी ल्याउने लिफ्टिङ प्रबिधिको आयोजना पनि अहिले आफै सिफ्टीङ



हुने अवस्थामा पुगेको छ । गाउँमै हुने सानातीना जरुवा संरक्षण नगरेर तमोरकै पानि भित्राउने सपना तुम्बेवाका लागि निकै भारी परिरहेको छ ।

५ बर्ष अघि बनेको उपभोक्ता समितिले भने अनुसारको काम गर्न सकेन त्यसको असर आयोजनामा देखियो ।

अहिले स्थानीयका घरमा न आयोजनाको पानी छ न जरुवा बचेका छन ।

पानिको गुहार नमागिएको निकाय छैन । तीन तहका सरकार छन । केही त गर्न लागेकै हुन भन्ने देखाइन्छ पनि तर धारामा पानी नआउन्जेल सम्म सबै नाटक मात्रै भइरहेका छन ।

२०७८ चैत्रमा तात्कालिन प्रधानमन्धी शेरबहादुर देउवा आएर अव पानिको समस्या हुँदैन भन्दै धारा खोलेर गए । उनी हिनेपछि हराएको पानि अहिले सम्म पनि फर्काउन सकिएको छैन ।

तुम्बेवाको पानि समस्या गाउँपालिकाले मात्रै समाधान गर्न सक्ने बिषय नै हैन । तर हामी गर्छौ भन्न भने कसैले छोडेका छैनन । साना मुहानको संरक्षण गर्न सके त्यसले ठुला आयोजनाको सपना भन्दा राम्रो काम गर्ने तर्फ पालिकाले ध्यान दिन सक्छ ।

पनिकै हाहाकाराका बिच तुम्बेवाले स्थानीय तहकै २ वटा नेतृत्व फेर्ने अवधी भईसक्यो ।

प्रदेश सरकारले पनि भरपर्दो आयोजनाका लागि तुम्बेवा सम्झेको देखिँदैन । केही नहुनु भन्दा हाल १ नम्बर वडाका करिव १५० परिवारका लागि प्रदेश सरकार अन्तरगत ८ लाख रुपैँया बिनियोजन गरिएकोमा स्थानीयले धन्यवाद दिए । तर त्यतीले तुम्बेवाको समस्या समाधान हुँदैन ।

संघीय सरकारले बृहत आङ्ना मौवा तमोर लिफ्ट खानेपानी आयोजना मार्फत झारा टारेको छ । त्यो भन्नलाई तुम्बेवा भरी पानि पुर्याउने आयोजना हो तर प्रधानमन्त्री समेत फेल भएको आयोजनाले त्यहाँका नागरिकलाई र ाहत देलान भन्ने कसैलाई पनि बिस्वास छैन । उभोक्ता समिति समेत बिधिसंवत गठन गर्न सकस भएको अवस्थामा आयोजना पुरा होला भन्ने आधार नै छैन ।

तुम्बेवामा पानी संकटका कारण सबैजसो क्षेत्र प्रताडीत छन । पानीकै कारण बसाईसराई तिब्र छ । बिद्यालयमा शौचालय प्रयोग हुन सक्दैनन । बिद्यार्थीले पिउने पानी पाउँदैनन । फेरी चुनाव ८४ को हल्ला सुरु भएको छ । तुम्बेवालाई फेरी पानि दिने झुटो बिवरण पेस हुने हो की समाधानको स्थाई प्रबन्ध खोज्ने त्यो भने हेर्न बाँकी छ ।


सार्वजानीक सम्पतीको संरक्षणका लागि
फाल्गुनन्द गाउँपालिकाको अनुरोध

सार्वजानीक सम्पती जस्तै विद्यालय, धार्मिक स्थलहरू, धारा, बाटो, सार्वजानीक भवन हाम्रा सम्पती हुन । तिनको संरक्षण गर्नु हाम्रो दायित्व हो । त्यसैले तिनको संरक्षणमा सक्रिय बनौं । असल नागरिकको परिचय दिऔं ।

फाल्गुनन्द गाउँपालिका पाँचथर

# सीमा विवादको कूटनीतिक आयाम



विष्णु रिजाल

भारत र चीनले लिपुलेक भञ्ज्याङलाई साझा व्यापार विन्दु बनाउने पुनः सहमति गरेपछि नेपालसँगको सीमा विवाद फेरि सतहमा आएको छ। सन् २०१५ मा जस्तै नेपालले त्यसमा पुनः आपत्ति जनाएको छ। विषयका हिसाबले यो विवाद नयाँ होइन। तर, प्रधानमन्त्री केपी शर्मा ओलीको चीन र भारत भ्रमणको पूर्वसन्ध्यामा सतहमा आएकाले थप चर्चाको विषय बनेको छ।

लिम्पियाधुरा, लिपुलेक र कालापानी नेपालको हो भन्नेमा कुनै द्विविधा छैन। नेपालमा यस विषयमा राष्ट्रिय सहमतिका साथ संविधान संशोधन गरेर अविभाज्य भूमिका रूपमा स्थापित गरिएको छ। कुनै एक दल, नेता वा सरकारको मात्र विषय नभएर सिंगो राष्ट्रको साझा विषय भएकाले नेपालभित्र यसका विषयमा एकमत छ। तर, मुख्य कुरा अब नेपालले यस विषयलाई कसरी अघि बढाउँछ र कूटनीतिक प्रक्रिया कस्तो हुन्छ भन्नेमा निर्भर छ।

कालापानीका बारेमा नेपालले पहिलेदेखि नै भारतसँग कुरा उठाउँदै आएको छ। ठ्याक्कै कुन मितिबाट भारतीय सैनिक कालापानीमा बस्न थाले भन्ने यकिन नभए पनि सन् १९५५ मा नेपालको उत्तरी सीमामा भारतीय सैनिक चेकपोस्ट राख्ने क्रममा कालापानीमा पनि राखिएको र पछि बाँकी १७ वटा चेकपोस्ट हटाउँदा रणनीतिक रूपमा महत्त्वको भएकाले राजा महेन्द्रको स्वीकृतिमा कालापानीमा चाहिँ कायम राखिएको तथ्य पाइन्छ। दुई देशबीच सीमा नक्सामा हस्ताक्षर नभएको र नापजाँच चलिरहेको हुनाले कालापानी कता पर्छ भनिरहनु परेको थिएन। तर, नेपालले त्यसमा आफ्नो हकदाबी कहीँ कतै छाडेन र कुरा उठाउन पनि छाडेन।

सन् १९९७ मा भारतीय प्रधानमन्त्री आईके गुजराल नेपाल आएको बेला जारी वक्तव्यमा सुस्ता र ‘कालापानी एरिया’लाई विवादित भूमि स्वीकार गरेर छलफल अघि बढाउने सहमति भए पनि त्यसका बारेमा कहिल्यै गम्भीरताका साथ कुरा भएन। सम्भवतः भारतले कालापानीलाई गम्भीरतापूर्वक लिएर समयमै समाधान खोजेको भए लिम्पियाधुरा र लिपुलेकको विषय आउने नै थिएन। नेपालभित्र कतिपय सीमाविद्, भूगोलविद् र अभियन्ताहरूले लिपुलेकसम्मको कुरा उठाउने गरे पनि हाम्रो सीमाकै रूपमा लिम्पियाधुरा र लिपुलेक अभिन्न भूभाग हो भन्ने कुरा चर्चामै थिएन।

२०१५ मे २८ मा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको चीन भ्रमणका क्रममा जारी संयुक्त वक्तव्यमा लिपुलेकलाई सीमा-व्यापार नाकाका रूपमा सञ्चालन गर्ने विषय उल्लेख भएपछि नेपालले आपत्ति जनाउँदै दुवै देशलाई पहिलो पटक कूटनीतिक नोट पठाएपछि मात्रै नेपालको औपचारिक दाबी अंकित भएको हो। त्यसपछि भारतले बेवास्ता गर्दै जाँदा बढ्दै गएका घटनाक्रमहरूले नेपाललाई नक्सा जारी गर्ने र संविधान संशोधन गर्नेसम्ममा पुऱ्याएको यथार्थ भारतकै लागि महँगो परिरहेको छ। नेपालले औपचारिक रूपमा कूटनीतिक नोट पठाएर छलफल गर्न चाहँदा पनि वार्तामा बस्न नखोज्ने र सीमा समस्या समाधानका लागि २०१४ मै बनेको परराष्ट्र सचिवस्तरीय संयन्त्रको एक पटक पनि बैठक बसाल्न नचाहने भारतीय रवैयाले दुई देशबीचको सीमा समस्यालाई जटिल, दीर्घकालीन र पेचिलो बनाइदिएको छ।

नेपाल र भारतबीचको यस जटिलतामा चीन थपिन आइपुगेपछि समस्या बहुआयामिक बनेको छ। नेपालले पटकपटक जानकारी दिँदा, कुराकानी गर्दा र स्वयं आफ्नै आँखाले देख्दा पनि चीनले केही पनि नभएझैँ गरी २०१५ कै सहमतिलाई निरन्तरता दिनुलाई शान्त कूटनीति भनेर मात्र चित्त बुझाउन सकिन्न। नेपालसँग ६४ वर्षअघि नै सीमा सन्धिमा हस्ताक्षर गरिसकेको, कुनै सीमा विवाद नभएको र नेपालका मामिलामा सधैँ उदार देखिने उत्तरी छिमेकीबाट पनि दक्षिणी छिमेकीलाई नै बल पुग्ने गरी निर्णयमा निरन्तर सहमत हुनुलाई स्वाभाविक ठानिएको छैन। यस निर्णयबाट नेपाली भूमि अतिक्रमण गर्ने र त्यसका विषयमा नेपालले निरन्तर कुरा उठाउँदा पनि बेवास्ता गर्ने भारतको मनोबल बढेको छ।

अहिले भारत र चीन नजिक हुनुपर्ने बाध्यतामा छन्। अमेरिकामा डोनाल्ड ट्रम्प दोस्रो पटक सत्तामा आएपछि सुरुमा चीनलाई मात्रै पेल्छन् भनेर ढुक्क देखिएको भारत आफैँमाथि चर्को करको वज्र परेपछि चीनसँग नजिक हुन बाध्य छ भने चर्को अमेरिकी करका कारण आयातमा मन्दी भोगिरहेको चीनलाई भारत जस्तो विशाल बजार गुमाएर फाइदा छैन। यस्तो अवस्थामा विगतमा सीमा क्षेत्रमा भएका धक्कामुक्की, हताहती र तनावलाई कम गर्दै दुई देशबीचको सम्बन्धलाई पूर्ववत् अवस्थामा फर्काउन दुवै देश तत्पर देखिएका छन्। यसक्रममा वरिपरि संवेदनशील अरु छिमेकी पनि छन् भन्ने कुराको ख्याल भएको देखिएन।

विश्वका दुई ठूला जनसंख्या, अर्थतन्त्र, सैन्य शक्ति र भूगोलबीच असामान्य र असमझदारीपूर्ण सम्बन्ध रहनु कुनै पनि हिसाबमा उचित छैन। अबको युग एसियाको युग हो र विश्वको केन्द्र एसियामा सर्दैछ भन्ने प्रक्षेपण भइरहेको बेला चीन र भारतबीच हार्दिक र सुखद् सम्बन्ध होस् भन्ने चाहना नेपालले पनि राख्दछ। तर, यसको मतलब यो होइन कि आफ्नो सम्बन्ध सहज बनाउने नाममा यी दुवै देशले अरु देशसँगको सम्बन्ध असहज बनाऊन्। दुई हात्तीले प्रेम गरे पनि घाँसको नास, झगडा गरे पनि घाँसको नास भन्ने भनाइ चीन र भारतको मिलापबाट नेपालले अनुभूति गर्न नपरोस् भन्ने नेपालको चाहना छ।

सीमा विवाद आफैँमा संवेदनशील हुन्छ। राष्ट्रियता जुनसुकै मुलुकका लागि पनि त्यत्तिकै जटिल हुन्छ। राष्ट्रियताले एकातिर आन्तरिक राजनीतिमा निर्णायक महत्त्व राख्दछ भने अर्कातिर बाहिरी पक्षसँगको सहमतिको सधैँ आवश्यकता रहन्छ। हामीले मात्रै निर्धारण गरेर हाम्रो अन्तर्राष्ट्रिय सीमा निर्धारण हुँदैन, अर्को पक्षले पनि स्वीकार गर्नुपर्छ। अझ छेउमै विशाल छिमेकी हुँदा उसले के गर्छ भन्ने कुरा झन् बढी महत्वको हुन्छ। यस कुरालाई हामी नेपाल-भारत सम्बन्धमा

पृष्ठ ३ मा क्रमस


## फिदिम नगरपालिकाको कार्यालय पाँचथरले नगर क्षेत्रभित्र बग्ने खोलाहरुबाट दिगो रुपमा नदीजन्य पदार्थहरु उत्खनन तथा संकलन कार्यको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८२।०५।१८**

फिदिम नगरपालिकाको कार्यालयद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यन्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावको नाम र ठेगाना | फिदिम नगरक्षेत्रका नदीहरुबाट नदीजन्य पदार्थको उत्खनन तथा संकलन कार्यको संक्षिप्त वातावरणीय अध्ययन |
| प्रस्तावको व्यहोरा | हेंवा, तमोर र फेमे खोलाबाट दिगो रुपमा नदीजन्य पदार्थहरु उत्खनन तथा संकलन कार्य |
| प्रभाव पार्न सक्ने क्षेत्र | फिदिम नगरपालिका वार्ड नं. १,४,११ |

माथि उल्लेखित प्रस्तावको संक्षिप्त बा ताबरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रहरुको भौतिक तथा रासायनिक प्रणाली, जैविक प्रणाली, सामाजिक-आर्थिक प्रणाली र संस्कृतिक प्रणालीमा के कस्तो प्रभाव पर्दछ भनि यकिन गर्न सो स्थानको न.पा. तथा त्यस क्षेत्रको बिद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाब लिन आवस्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाब उपलब्ध गरिदिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझाबको लागि पत्राचार गर्ने ठेगाना**

| | |
|---|---|
| प्रस्ताबकको नाम र ठेगाना | फिदिम नगरपालिकाको कार्यालय, पाँचथर |
| परामर्शदाताको नाम र ठेगाना | श्री पब्लिक इन्जिनियरिङ एण्ड इन्भारोमेण्ट कन्सल्ट<br>सम्पर्क ठेगानाः ;इनरुवा -५ सुनसरी<br>सम्पर्क नं : ९८५२०२७३९५ |


## आजको राशिफल



ज्यो.पं. तुलसी भारद्वाज निरौला

**मेष :**- अरुको भरपर्दा काम बिग्रन सक्छ। सरकारी कामकाजमा नियुक्तिको सम्भावना बढेर जानेछ । सुखदु:खमा साथ दिनेहरु प्रशस्तै भेटिनेछन् ।

**वृष :** आस मारेको काम बन्नाले उत्साह जाग्नेछ। व्यापार–व्यवसायमा लगानी बढाउन सकिनेछ । विभिन्न अवसरले पछ्याउनेछन्।

**मिथुन :** रोकिएका काम बन्नुका साथै बिस्तारै नयाँ काम सुरु हुनेछन् । रमाइला ठाउँको भ्रमण गर्ने मौका जुर्न सक्छ। अवसरको खोजीमा दौडधुप गर्नुपर्ला।

**कर्कट :**- अरुको उक्साहटमा लाग्नाले बेफाइदा हुन सक्छ। अविवेकी निर्णयले अप्ठ्यारोमा पार्नेछ। एकसाथ अनेक काम सुरु गरिए पनि धेरै अधुरै रहलान्।

**सिंह :** - अवसरको खोजीमा केही दौडधुप गर्नुपर्ला। नेकरी तथा व्यावसायिक काममा पनि केही चुनौती देखापर्न सक्छ। लामो समयदेखि रोकिएका काम सम्पादन होलान्।

**कन्या :** आर्थिक समस्या सुल्झनुका साथै भौतिक साधनहरु जुटाउन सकिनेछ। टाढिएका आफन्तसँग पुनर्मिलन हुनेछ। धनमाल हराउने, चोरिने वा ठगीमा परिने सम्भावना छ।

**तुला :** सन्तान वा अनुयायीले प्रसन्नता दिलाउनेछन्। गुरूजनको प्रेरणाले मन दह्रो हुनुका साथै अध्ययनमा हौसला मिल्नेछ। वादविवाद र झैझगडाबाट टाढै बस्नु बुद्धिमानी हुनेछ।

**बृश्चिक :** आर्थिक पक्षमा उन्नति भए पनि आफ्ना कमजोरीको फाइदा अरुले उठाउन सक्छन्। दाजुभाइ,सहयोगले विपक्षीलाई तह लगाउन सकिनेछ।

**धनु :** विभिन्न अवसर प्राप्त भए पनि स्वास्थ्य कमजोर रहन सक्छ। पेटको समस्याबाट जोगिन खानपानमा सजग रहनुहोला। नोकरी तथा राजनीति गर्नेहरुलाई विशेष लाभ मिल्नेछ।

**मकर :** काममा सहयोगीले साथ दिनेछन् भने विभिन्न अवसरले पछ्याउने ग्रहयोग छ। रोकिएका काम बन्नाले उत्साह जाग्नेछ। व्यवसाय र उद्योगमा फाइदा मिल्नेछ।

**कुम्भ :** शत्रुबाधा, मुद्दामामिला वा कामका विविध झमेलाहरुबाट मुक्ति मिल्नेछ।आफ्ना काममा अरुले अधिकार जमाउने चेष्टा गर्नेछन्। प्रतिस्पर्धाबाट सामान्य फाइदा उठाउन सकिनेछ।

**मीन :** घरखर्च बढ्नेछ, आयआर्जनमा कमी आउने सम्भावना छ, मेहनतले जीवनशैलीमा परिवर्तन ल्याउन सक्छ। । स्वास्थ्यमा देखापर्ने समस्याले सताउन सक्छ।

## रेडियो B.S.C. 91.8 Mhz मा आज

| सि.नं. | देखि | सम्म | कार्यक्रम | सि.नं. | देखि | सम्म | कार्यक्रम | सि.नं. | देखि | सम्म | कार्यक्रम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ५:०० | ५:०५ | स्टेसन धुन | १० | ९:३० | १०:०० | बिएससी छलफल | १९ | ४:०० | ५:०० | संगित सुधा |
| २ | ५:०५ | ५:३० | भजन | ११ | १०:०० | ११:०० | बिज्ञापन/गीत | २० | ५:०० | ६:०० | बिज्ञापन/गीत |
| ३ | ५:३० | ६:०० | भजन | १२ | ११:०० | १२:०० | बिज्ञापन/गीत | २१ | ६:०० | ६:३० | उज्यालो समाचार |
| ४ | ६:०० | ६:३० | उज्यालो समाचार | १३ | १२:०० | १२:१५ | उज्यालो समाचार | २२ | ६:३० | ७:०० | खाली |
| ५ | ६:३० | ७:०० | शुभ बिहानी | १४ | १२:१५ | १:०० | बिज्ञापन/गीत | २३ | ७:०० | ७:३० | बिएससी समाचार |
| ६ | ७:०० | ७३० | बिएससी समाचार | १५ | १:०० | २:०० | म्युजिकल धमाल | २४ | ७:३० | ८:०० | बिएससी सन्दर्भ |
| ७ | ७०:३० | ८:०० | बिएससी सन्दर्भ | १६ | २:०० | ३:०० | बिज्ञापन/गीत | २५ | ८.०० | ८:३० | उज्यालो समाचार |
| ८ | ८:०० | ९:०० | विशेष टाइम | १७ | ३:०० | ३:१५ | उज्यालो समाचार | २६ | ८:३० | ९:०० | बिएससी छलफल |
| ९ | ९:०० | ९:३० | उज्यालो समाचार | १८ | ३:१५ | ४:०० | रिक्वेस्ट आवर | २७ | ९:०० | १०:०० | शुभरात्री |

पृष्ठ २ बाट क्रमस

देखा परेको जटिलताबाट पनि बुभ्न सक्छौं। नेपालले कुरा उठाइरहने तर भारतले कुनै कदम नचाल्ने अवस्थाले सहज रूपमा समाधान गर्न सकिने ठाउँबाट दुई देशबीचको सीमा समस्यालाई चाहेर पनि सजिलै समाधान गर्न नसकिने ठाउँमा पुऱ्याइदिएको छ। नेपालको संविधानमै नक्सा अंकित भइसकेपछि त्यसलाई परिमार्जन गर्ने वैधता र राजनीतिक क्षमता सितिमिति जुट्ने सम्भावना नै रहन्न। यदि नेपालले ती भूमिहरू प्राप्त गर्न सक्यो भने त समस्या नै भएन। तर, त्यसमा लेनदेन गर्नुपऱ्यो भने सहज रूपमा समाधान गर्न सकिने ठाउँमा परिस्थिति छैन।

नेपालले संविधानमै नक्सालाई समावेश गऱ्यो भनेर चित्त दुखाइरहेको भारतले यसो हुनुमा पनि आफ्नो मुख्य भूमिका छ भन्ने कुरलाई बिर्सिन मिल्दैन। २०१९ मा भारतीय संविधानको धारा ३७० खारेज गरेर जम्मु-कस्मिरलाई विभाजित गर्नका लागि नयाँ नक्सा जारी गर्दा लिम्पियाधुरा, लिपुलेक र कालापानीलाई पनि भारतले आफ्नो नक्सामा हालेर सार्वजनिक गरेयताका घटनाक्रममा भारतले नेपाललाई लगातार बेवास्ता गरेका कारण आजको परिस्थिति उत्पन्न भएको हो।

नेपालले दाबी गरे पनि वार्ताबाट टुंगो नलागेको विषय भएकाले ती भूभागलाई भारतले आफ्नो नक्सामा राखेर सार्वजनिक गर्नुलाई अन्यथा पनि मान्न नसकिएला। तर, त्यसपछि नेपालले बारम्बार हामीसँग तथ्य-प्रमाण छन्, त्यसमा हाम्रो आपत्ति छ भन्दा पनि भारतले कुनै वास्ता नगर्नु कूटनीतिक हिसाबले कदापि बुद्धिमानी कदम होइन। फलतः आज नेपाल-भारत सीमा विवाद चाहेर पनि सहजै समाधान गर्न नसकिने अवस्थामा पुगेको छ।

प्रधानमन्त्री केपी शर्मा ओली भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको निमन्त्रणामा भारत जाने तय भएपछि नेपाल-भारत सीमा विवाद पुनः सतहमा आउँदा स्वाभाविक रूपमा जिज्ञासाहरू आएका छन्। दुईपक्षीय वार्तामा यो विषय कसरी उठ्छ र समाधान के हुन्छ भन्ने कोणबाट चर्चा र बहसहरू भइहेका छन्। चिनियाँ विदेशमन्त्री वाङ यीको भारत भ्रमणका बेला (१८-१९ अगस्ट, २०२५) मा चीन र भारतले लिपुलेकका बारेमा सहमति गर्नासाथ भोलिपल्टै नेपालले आफ्नो अडान पुनः सार्वजनिक गरेको छ। अलग्गै वक्तव्य जारी नगरेर नेपाली भाषामा 'नेपाली भूमि लिपुलेक हुँदै भारत-चीनबीच सीमा व्यापारका सम्बन्धमा मिडियाबाट सोधिएका प्रश्नका सम्बन्धमा परराष्ट्र प्रवक्ताको जवाफ' भनेर नेपालले आफ्नो अवस्था स्पष्ट पारेको छ भने त्यसको केही घण्टामै भारतले पनि विदेश मन्त्रालयको प्रवक्ताका नामबाट विगतमा झैं नेपालको दाबीलाई 'एकतर्फी कृत्रिम विस्तार' (युनिल्याटरल आर्टिफिसियल एन्लार्जमेन्ट) भन्दै स्वीकार गर्न नसकिने दोहोऱ्याएको छ। यति हुँदाहुँदै पनि भारतले 'नेपालसँग रचानात्मक अन्तर क्रिया गरेर समस्या समाधान गर्नका लागि संवाद र कूटनीतिमा आफू खुला रहेको' बताउन चाहिँ भुलेको छैन। नेपालले भारतलाई समात्नुपर्ने यहीँनेर हो।

लिपुलेक सहमतिप्रति नेपालले आपत्ति जनाएको १० वर्ष बित्दा र लिम्पियाधुरा, लिपुलेक तथा कालापानीसहितको नक्सा जारी गरेको ६ वर्ष पुग्दा पनि भारतलाई वार्ताको टेबुलमा बसाल्न नसक्नु हाम्रो कूटनीतिक कमजोरी हो। यसबीचमा प्रधानमन्त्री तहकै भ्रमणहरू पनि भएका छन्। परराष्ट्रमन्त्री र सचिवहरूका भ्रमण त स्वाभाविक भइहाले। अरु कयौँ विषयमा भारतसँग उपलब्धिमूलक कुराकानीहरू भएका छन्। तर, सीमा विवादका सम्बन्धमा दुई देश औपचारिक रूपमा वार्तामै बसेका छैनन्।

स्पष्ट छ- तिर्खा जसलाई लाग्छ, कुवा उसैले खोज्नुपर्छ। भारतलाई केही बितेको छैन, हाम्रो भूमिमा उसको रजाइँ छ। कालापानीमा दशकौंदेखि भारतीय सैनिक शिविर छ, लिपुलेकलाई चीनसँगको सीमा व्यापार विन्दु बनाएकै छ। उसलाई वार्तामा बस्नुपर्ने कुनै जरुरी छैन। तर, जरुरी नेपाललाई छ। देशभित्र अपूर्व राष्ट्रिय सहमति हुँदा पनि यस विषयमा भारतलाई नेपालले वार्ताको टेबुलसम्म तान्न नसक्नु चानचुने कूटनीतिक असफलता होइन।

प्रधानमन्त्री ओलीको आसन्न भारत भ्रमणका बेला यति जटिल समस्या समाधान भइहाल्छ भन्ने होइन। तर, प्रतिनिधिमण्डल तहमा दुईपक्षीय वार्ता हुँदा होस् वा दुई प्रधानमन्त्रीले एक्लाएक्लै वार्ता गर्दा होस्, कम्तीमा दुई देशका बीचमा स्थापित संयन्त्र (परराष्ट्रमन्त्रीस्तरीय आयोग, परराष्ट्र सचिवस्तरीय समिति र सहसचिवस्तरीय प्राविधिक समिति) हरूका बैठकका लागि समयसीमा तोक्न मात्रै सक्दा पनि विषयले गति पक्रिन्छ। सीमा जस्तो विषय आजको भोलि समाधान हुने कुरा होइन। यसका लागि परिस्थिति परिपक्व हुनुपर्छ। विश्वका कयौँ छिमेकीहरूका बीचमा लामो समय सीमा समस्या रहिरहेको पाइन्छ। तर, समस्यालाई स्वीकार नै नगर्ने र एउटा छिमेकीले १० वर्षदेखि उठाएको आवाजलाई अर्को छिमेकीले औपचारिक रूपमा एउटै टेबुलमा बसेर सुन्दै नसुन्ने हो भने दुई देशबीचको प्राचीन, ऐतिहासिक, पुरातात्विक, धार्मिक र सामाजिक सम्बन्धको महिमागानबाट मात्र आजको सम्बन्धलाई अगाडि बढाउन सकिँदैन। आजको सम्बन्ध सहज रूपमा अघि बढाउन आजका समस्याहरूको सहज समाधान खोज्नुपर्छ।

यस दिशामा दुई देश अघि बढ्दा समाधान भइहाल्न नसकेका विषयलाई सहमतिमै थाती राख्दै दुई देशबीचको सम्बन्धलाई उपलब्धिमूलक र आजका कार्यमूलक मुद्दाहरूमा केन्द्रित गर्न सकिन्छ। अन्यथा, नेपाल-भारत सम्बन्ध सीमाकै छायामा परेर गर्नुपर्ने कामहरू ओझेलमा पर्छन्।

(विष्णु रिजाल नेकपा एमालेका केन्द्रीय सदस्य हुन)

# फिदिम नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**फिदिम, पाँचथर**
**कोसी प्रदेश, नेपाल**

## आ.व. २०८२/०८३ को आन्तरिक आय ठेक्का वन्दोवस्त सम्बन्धी दरभाउपत्र आह्वानको सूचना

प्रथम पटक सूचना प्रकाशन मिति- २०८२/०५/१८

स्थानीय सरकार संचालन ऐन, २०७४ र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम फिदिम नगरपालिकाले लगाउन सक्ने देहायको, शुल्क सम्वन्धी आन्तरिक आय ठेक्का आ.व. २०८२/०८३ को ठेक्का संझौता भएको मितिदेखि २०८३ असार मसान्तसम्मको लागि देहायमा उल्लेखित ठेक्का बन्दोवस्त गर्नुपर्ने भएको हुँदा इच्छुक फर्म, कम्पनी र संस्था सम्वन्धित सबैको जानकारीको लागि e-bidding मार्फत दरभाउपत्र आह्वानको १५ दिनको सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

| ठेक्का नं. | ठेक्काको नाम | ठेक्काको किसिम | न्यूनतम अंक वार्षिक कर बाहेक | दरभाउपत्र दस्तुर | धरौटी रकम |
|---|---|---|---|---|---|
| १-२०८२/०८३ | नगर निकासी शुल्क | दरभाउपत्र | १०,००,०००।- | १०००।- | कवुल रकमको ३ प्रतिशत |

१. दरभाउपत्र फाराम रु. १०००।- अक्षरेपी रु एकहजार (फिर्ता नहुने गरी) फिदिम नगरपालिकाको आन्तरिक राजश्व खाता नं. ०६७०३००००१००१००००१ जम्मा गरी प्रचलित नेपाल कानून बमोजिम दर्ता भई प्रमाण पत्र लिएका फर्म ,कम्पनी / संस्थाले दरभाउपत्र खरिद गर्न आ.व. २०८१/०८२ सम्मको नविकरण भएको प्रमाण- **पत्र, मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाण- पत्र, आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाणको प्रमाणित प्रतिलिपी पेश गर्नु पर्नेछ।**

२. यो सूचना प्रकाशन गरिएको मितिले १६ औं दिनको १२:०० भित्र आह्वानको e-bidding मार्फत दरभाउपत्र दाखिला गरिसक्नुपर्नेछ र दरभाउपत्र सोही दिनको २:०० वजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ। सो समयमा दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा दरभाउपत्र खोल्न वाधा पर्ने छैन। दरभाउपत्र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परे उक्त कार्य सोको भोलिपल्ट वा कार्यालय खुलेपछि सोही समयमा हुनेछ।

३. दरभाउपत्र फारामका साथ आफूले कबुल गरेको अंकको कम्तिमा ३ प्रतिशतले हुन आउने धरौटी रकम फिदिम नगरपालिकाको धरौटी खाना नं. ०६७०३००००३००००००००१ मा नगद दाखिला गरेको सक्कलै बैंक भौचर वा ***नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैकबाट फिदिम नगरपालिकाको नाममा जारी गरिएको कम्तिमा ७५ दिन मान्य अवधि भएको बैक जमानत पेश गर्नुपर्नेछ।***

४. दरभाउपत्र फाराम भर्दा फाराममा तोकिएको विषयहरु आफूले कवुल गरेको अंक र अक्षरमा समेत प्रष्ट लेखिएको हुनुपर्ने छ। कुनै व्यहोरा सच्चाएको ठाँउमा दरभाउपत्रदाताको दस्तखत भएको हुनुपर्ने छ। अंक र अक्षरमा फरक परे अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ।

५. ठेक्का सञ्चालनको सिलसिलामा नेपाल सरकारलाई वुझाउनु गर्ने सम्पूर्ण कर ,दस्तुर, शुल्क आदि ठेकेदार आफैले वुझाउनु पर्नेछ।

६. यस कार्यालयबाट विगत वर्षहरुमा लगाईएको ठेक्काको रकम वुझाउन वक्यौता रहेको फर्म /कम्पनी/ संस्थाहरुको दरभाउपत्र स्वीकृत हुनेछैन।

७. दरभाउपत्र स्वीकृत भएपछि कवुल रकम एकै किस्ता वा वढीमा दुई किस्तामा वुझाउनु पर्नेछ।

८. नगरपालिकाले तोकेको दररेट अनुसार मात्र ठेकेदारले शुल्क /कर पठाउनु पर्नेछ।

***९. ठेक्का स्वीकृत पश्चात संझौताको लागि आफूले कवुल गरेको रकम बरावर नगदै यस कार्यालको बैंक खातामा जम्मा गरेको सक्कलै बैंक भौचर वा ५० प्रतिशत रकमको बैक भौचर र ५० प्रतिशत रकमको नेपाल राष्ट्र बैकबाट स्वीकृत प्राप्त बैकबाट फिदिम नगरपालिकाको नाममा जारी भएको २०८३ साल श्रावण मसान्त सम्म म्याद भएको कार्यसम्पादन जमानत पेश गर्नु पर्नेछ***

१०. जुन मितिदेखि ठेक्का संझौता गरिन्छ सोही मिति देखि वार्षिक कबोल अंकबाट हिसाव गरि ठेक्का संझौता गरिनेछ।

११. माथि उल्लेखित सिलवन्दी दरभाउपत्र स्वीकृत गर्ने नगर्ने वा रद्ध गर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

१२. यस सम्वन्धमा थप कुरा वुझ्न परेमा कार्यालयको मोवाईल नं. ९८५२६२३१११ मा सम्पर्क गर्न सक्नु हुनेछ।

१३. उल्लेखित ठेक्काको दररेट वीड डकुमेण्टमा संलग्न गरिएको छ।

१४. यस सूचनामा उल्लेख भएका कुराहरु यसै बमोजिम र उल्लेख नभएका कुराहरुको हकमा फिदिम नगरपालिकाको आन्तरिक आय संकलन(ठेक्का बन्दोबस्त) कार्यविधि, २०७८ र नेपालको प्रचलित कानून बमोजिम हुनेछ।

फिदिम टुडे दैनिकलाई पठनीय बनाउन कस्ता सामग्रीहरु राख्नुपर्छ? यहाँहरुको महत्वपूर्ण सुझावको अपेक्षा गदछौं। आगामी दिनहरुमा यहाँहरुको सुझाव आत्मसाथ गरी हामी अघि बढ्नेछौं।

## नेपाल र बंगलादेशबीच मैत्रीपूर्ण खेल



टुडे संवाददाता
पाँचथर, १७ भाद्र

नेपालले यहि भाद्र २१ र २४ गते बंगलादेशको सिनियर टोलीविरुद्ध अन्तर्राष्ट्रिय मैत्रीपूर्ण खेलमा प्रतिस्पर्धा गर्दैछ । खेल साँझ ५:३० बजेदेखि दशरथ रंगशालामा हुनेछ । खेलका लागि नेपाली र ाष्ट्रिय फुटबल टोलीका प्रशिक्षक म्याट रसले अन्तिम २३ टोली पनि सार्वजनिक गरिसकेका छन् ।
यस्तै बंगलादेशका प्रशिक्षक जाभिएर कार्बेराले पनि २३ सदस्यीय टोली छनोट गरिसकेका छन् ।
बंगलादेशकोराष्ट्रियटोलीबाट खेल्दै आएका मिडफिल्डर हम्जा चौधरी भने यसपटक नेपाल नआउने भएका छन् । उनी इंगलिस क्लब लेस्टर सिटीसँग आवद्ध रहेका छन् ।
प्रशिक्षक रसले पहिलो खेलका लागि २३ खेलाडी सम्मिलित टोली घोषणा गरेपनि अनुभवी फरवार्ड भरत खवास पनि टिमसँग छन् । उनले दोस्रो खेलमा खेल्दै राष्ट्रिय टोलीबाट सन्न्यास लिने घोषणा गरेका छन् ।
नेपाली टोली :
गोलरक्षक : किरण चेम्जोङ, दिप कार्की, टिकेन्द्र थापा

डिफेन्डर : अभिषेक लिम्बु, अनन्त तामाङ, रन्दिप पौडेल, रोहित चन्द, योगेश गुरुङ, सुमन श्रेष्ठ
मिडफिल्डर : आदित्य शाक्य, अमित लामा, एरिक विष्ट, दिनेश हेन्जन, लाकेन लिम्बु, कुशल देउवा, मणि लामा, रोहन कार्की, सुबास बम
फरवार्ड : अन्जन विष्ट, जिलेस्पी जंग कार्की, समिर तामाङ, सिर्जन राज गौतम, मनिष डाँगी, भरत खवास
मुख्य प्रशिक्षक : म्याट रस
अफिसियल : टंकलाल राई (व्यवस्थापक), सल्यान खड्गी (सहायक प्रशिक्षक), विनोद डंगोल (गोलरक्षक प्रशिक्षक), पंकज शाही (एनालिस्ट), सुजन अमात्य (फिजियो)


# फिदिम नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**फिदिम, पाँचथर**
**कोशी प्रदेश, नेपाल**

**विषयः पूर्वाधार सेवाको उपयोग कर (रमिते भ्यू टावरको घर ) र (पौवाभञ्ज्याङ चमेना घर ) को सोझै वार्ता गर्न आउने सम्बन्धी सूचना**

सूचना प्रकाशन मिति- २०८२/०५/१८

फिदिम नगरपापालिका नगर कार्यपालिकाको मिति २०८२/५/१६ गतेको निर्णयानुसार आन्तरिक आय ठेक्का बन्दोबस्त आ.व. २०८२/०८३ को लागि ठेक्का संझौता भएको मिति देखि २०८३ असार मसान्तसम्म फिदिम नगरपापालिकाको आन्तरिक आय तर्फ फिदिम नगरपालिका स्थित पौवाभञ्ज्याङ्ग चमेना घर ( भवन तला संख्या ३, लम्वाई ११.२८ मिटर, चौडाई ९.०५३ मिटर, कोठा संख्या भूई तला २ कोठा, पहिलो तला किचन समेत ३ कोठा, र दोस्रो तला ४ कोठा ) भाडामा लागाउने प्रयोजनार्थ ३ वर्षको लागि कर बाहेक वार्षिक न्यूनतम ठेक्का अंक रु. ६०,०००।- र रमिते भ्यू टावर पूर्वाधार उपयोग कर (टिकट बाहेक घर भाडा मात्र) रु. ७५,०००।- रहेको हुँदा इच्छुक व्यक्ति फर्म, कम्पनी र संस्था सम्वन्धित सबैमा ठेक्का बढाबढ वार्ताको लागि ७ दिनको सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

आन्तरिक आय ठेक्का विवरण

| क्र.सं. | ठेक्काको नाम | ठेक्काको किसिम | वार्षिक न्यूनतम कवुल अंक कर.वाहेक | कैफियत |
|---|---|---|---|---|
| १ | पूर्वाधार सेवाको उपयोग कर (रमिते भ्यू टावर टिकट बाहेक घर मात्र ) | सोझै वार्ता | ७५,०००।- | ३ वर्षको लागि कबोल ठेक्का अंकमा प्रत्येक वर्ष ५ प्रतिशतका दरले भाडा वृद्धि हुने |
| २ | पूर्वाधार सेवाको उपयोग कर (पौवाभञ्ज्याङ चमेना घर ) | सोझै वार्ता | ६०,०००।- | ३ वर्षको लागि कबोल ठेक्का अंकमा प्रत्येक वर्ष ५ प्रतिशतका दरले भाडा वृद्धि हुने |

१. वार्ताको लागि उपस्थित हुँदा प्रचलित नेपाल कानून बमोजिम दर्ता भई प्रमाण पत्र लिएका फर्म ,कम्पनी / संस्थाले आ.व. २०८१/०८२ सम्मको नविकरण भएको प्रमाण पत्र,मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाण पत्र , आ.व. २०८०/०८१ को कर चुक्ता प्रामाण पत्रको प्रतिलिपी पेश गर्नु पर्नेछ र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रतिलिपी वा राष्ट्रिय परिचय पत्रको प्रतिलिपी र व्यक्तिगत पान दर्ता प्रमाण पत्र पेश गर्नु पर्नेछ ।
२. वार्ता हुने स्थान, मिति र समय
क) स्थान- फिदिम नगरपालिका नगर कार्यपालिकाको कार्यालय फिदिम पाँचथर
ख) मिति - २०८२/५/२३ गते
ग) समय- दिनको २.०० वजे
३. सूचनामा वार्तामा लागि तोकिएको मिति र समय भन्दा पछि वा त्यस्तो सूचनामा तोकीदिएको स्थानमा बाहेक अन्य कुनै स्थानमा वा फोन हुलाक वा आकाश वाणी द्धारा बोलेको कुनै पनि डाँक उपर कुनै कार्यवाही गरिने छैन ।
४. वार्ता ह हुने दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट वा कार्यालय खुलेपछि सोही समयमा हुनेछ ।
५. वार्तामा भएको कवोल रकमलाई आधार मानी जुन मितिबाट ठेक्का संझौता हुन्छ सोही मितिबाट कायम हुने गरी वार्षिक ठेक्का अंकको हिसाव मिलान हुनेछ ।
६. ठेक्का सञ्चालनको सिलसिलामा नियमानुसार वुझाउनु गर्ने सम्पूर्ण कर ,दस्तुर, शुल्क आदि ठेकेदार आफैले वुझाउनु पर्नेछ ।
७. यस कार्यालयबाट विगत वर्षहरुमा लगाईएको ठेक्काको रकम वुझाउन वक्यौता रहेको व्यक्ति, फर्म,कम्पनी, संस्थाहरुको वार्तामा भाग लिन पाउने छैनन् ।
८. वार्तामा कबोल रहेको एक आर्थकि वर्षको रकम एकै किस्तामा बुझाउनु पर्नेछ र बाँकी दुई आर्थिक वर्षको कार्यसम्पादन जमानत वा नगदै जम्मा बैक भौचर पेश भएपछि मात्र ठेक्का संझौता गरिनेछ ।
९. नगरपालिकाले तोकेको दररेट अनुसार मात्र ठेकेदारले शुल्क उठाउनु पर्नेछ ।
१०. यस सम्वन्धमा थप कुरा वुझ्न परेमा कार्यालयको मोवाईल नं. ९८५२६२३१११ मा सम्पर्क गर्न सक्नु हुनेछ ।
११ . यस सूचनामा उल्लेख भएका कुराहरु यसै बमोजिम र उल्लेख नभएका कुराहरुको हकमा फिदिम नगरपालिकाको आन्तरिक आय संकलन ठेक्का बन्दोबस्त कार्यविधि, २०७८ र नेपालको प्रचलित कानून बमोजिम हुनेछ ।



# आगलागीबाट बच्न
# फालेलुङ गाउँपालिकाको अनुरोध

**यो मौसम आगलागीको मौसम हो । असावधानीका कारण आगलागीले धनजनको क्षती हुन सक्छ । त्यसैले आगलागी नियन्त्रणका लागि पूर्ण सावधानी अपनाउँ ।**

१. सुख्खा मौसममा जथाभावी आगो नबालौं । बाल्नै पर्ने भए निभाएर मात्रै छोडौं ।
२. आगलागी हुन नदिन र अचानक भइहाले त्यसबाट कम क्षतिका लागि पुर्व तयारी अपनाउँ । त्यसका बारेमा नजानेकाहरुलाई समेत जानकारी गराउँ ।
३. घर बाहिर वा भाञ्सामा बालिएको आगो प्रयोग पछि पूर्ण निभेको छ छैन जाँच गर्ने बानी बसालौं ।
४. सावधानीका बिच आगलागी भइहाले सहायताका लागि सम्पर्क गर्नु पर्ने नम्बरहरु सुरक्षित गरौं र सबैको पहुँचमा राखौं ।

**फालेलुङ गाउँपालिका पाँचथर**


बिग सोसियल कम्युनिकेशन प्रा.लि.द्धारा प्रकाशित फिदिम टुडे दैनिक अध्यक्षः सानुकाजी यथार्थ, प्रकाशकः सरोज खतिवडा, सम्पादकः शुरमान तामाङ, कार्यालयः फिदिम -४, पाँचथर, फोन : ०२४-५२०९७२,९८५२६८४०१५ E-mail phidimtoday@gmail.com Web www.phidimtoday.com.np , डिजाइनर : जीवन गौतम। मुद्रण : करुणा छापाखाना ।